**बागमती प्रदेश सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

**लगनखेल, ललितपुर**

**(कार्यक्षेत्र: काठमाडौं, भक्तपुर, ललितपुर)**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१३)**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुरको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु संचालन गर्न इच्छुक एवं मापदण्ड पुरा गरेका पशुपालक कृषक समूह/सहकारी/निजी फार्मले तोकिएको समय सीमाभित्र आवश्यक कागजातसहित कार्यालय समयभित्र आवेदन दर्ता गराउनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगि तथा म्याद नाघि दर्ता हुन आएका प्रस्तावहरु दर्ता गरिने छैन।

| क्र.सं. | कार्यक्रम | एकाई | परिमाण | कुल बजेट (लाख) | आवेदक | कार्यविधि | सूचनाङ्को म्याद र दरखास्त दिने अन्तिम मिति | स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाखा प्रवर्द्धन कार्यक्रम | पटक | १ | १५ | कृषक समूह/निजी फार्म | पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | ३० दिन २०८०/०९/१२ | तीन जिल्ला |
| २ | बंगुर प्रवर्द्धन कार्यक्रम | पटक | ३ | १५ | कृषक समूह/निजी फार्म | | ३० दिन २०८०/०९/१२ | तीन जिल्ला |
| ३ | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | पटक | ३० | ३० | दुग्ध उत्पादक सहकरी संस्था | | ३० दिन २०८०/०९/१२ | तीन जिल्ला |
| ४ | खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविको पार्जन सहयोग कार्यक्रम | संख्या | २० | २० | आर्थिक हिसावले विपन्न एंव अल्पसंख्यक तथा सिमान्तकृत जाती, एकल महिला, दलित एवं पिछडिएका जातजातीहरु एंव उनीहरुबाट गठित कृषक समूह, कृषि सहकारी र कृषि तथा पशुपन्छी फर्म | खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविको पार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | २१ दिन २०८०/०९/०३ | तीन जिल्ला |
| ५ | पशुपन्छी तथा मत्स्यजन्य यन्त्र तथा उपकरण वितरण | पटक | १ | ३० | निजी फार्म/कृषक समूह/कृषि सहकारी | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ | ३० दिन २०८०/०९/१२ | तीन जिल्ला |
| ६ | दुग्ध उत्पादन वृद्धि कार्यक्रम (दुध जोन कार्यक्रम) | प्याकेज | २ | ५० | निजी फार्म | पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | ३० दिन २०८०/०९/१२ | भक्तपुर जिल्लाको चाँगुनारायण न.पा. र ललितपुर जिल्लाको बागमती गा.पा. १, ३, ५ |

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१. तोकिएको ढाँचामा रु १० को हुलाक टिकट सहितको आवेदन, संस्था दर्ता तथा नविकण, कर चुक्ता र प्यान/भ्याट दर्ता (समूह, सहकारीको हकमा बैठकको निर्णय)
२. स्थानिय तहको सिफारिश,
३. सम्बन्धित कार्यविधिमा तोकिएको आवश्यक कागजातहरु
४. दुध जोन तथा पशुपालन असल अभ्यासको हकमा दुध उत्पादन रेकर्ड खुल्ने कागजात

**नोटः सूचनामा उल्लेखित कार्यक्रमको बिस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०१-५५४७३७७, ०१-५५४२४४९ वा यस कार्यालयको वेबसाईट www.vhleclalitpur.p3.gov.np बाट डाउनलोड गरि लिन सकिने।**